श्रम तथा रो.प्र.वि. दर्ता नं. २१४/२०६४/०६५

"सम्पूर्ण निजामती कर्मचारीहरु एकजुट होऔं"

# नेपाल निजामती कर्मचारी संगठन
## (Nepal Government Employees' Organization)
### केन्द्रीय कार्य समिति, बबरमहल, काठमाडौं
(पेशागत महासंघ नेपालसँग आवद्ध निजामती कर्मचारीहरुको राष्ट्रिय स्तरको ट्रेड युनियन)

मिति: २०८०/०३/०८

## प्रेस विज्ञप्ती

सार्वजनिक प्रशासनलाई सक्षम, स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त,जनउत्तरदायी र सहभागितामूलक बनाउँदै सार्वजनिक सेवामा जनताको सहज र समान पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने राज्यको उद्देश्य पूर्तिका लागि राष्ट्रसेवक कर्मचारीहरुको भूमिका अहम् रहेको हुन्छ । देश संघीय राज्य व्यवस्थामा गएको लामो समयसम्म पनि संघीय शासन प्रणालीको कार्यान्वयनको लागि संघ, प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन व्यवस्थापन एवं मार्गदर्शन गर्ने छाता कानून संघीय निजामती सेवा ऐन जारी नहुँदा मुलुकको सार्वजनिक प्रशासन अन्योल र अस्थिरताको भूमरीमा परेको छ । राज्यको प्रत्यक्ष उपस्थिति जनाउने प्रमुख माध्यमको रुपमा रहेको देशको निजामती सेवालाई व्यवस्थापन गर्ने विषय संघीय संसद र सरकारको प्राथमिकतामा नपर्नु गम्भीर चिन्ताको विषय हो । यस विषयमा निजामती क्षेत्रमा क्रियाशिल राष्ट्रियस्तरका ट्रेड युनियनको तर्फवाट सम्माननीय प्रधानमन्त्री, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, दुवै सदनका माननीय सांसदहरु, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सरोकारवाला निकायहरुलाई पटक पटक ध्यानाकर्षण गराउँदै आएको ब्यहोरा विदितै छ ।

सरोकारवाला राष्ट्रिस्तरका ट्रेड युनियनहरुसँग छलफल, वार्ता गर्न र प्रस्तावित संघीय निजामती सेवा ऐनको मस्यौदा उपलब्ध गराउनु पर्ने मागमा नेपाल सरकारले कुनै सुनुवाई नगरेपछि मिति २०८० बैशाख २१ गते सिंहदरबार भित्र कार्यरत कर्मचारीहरुले आ-आफ्नो कार्यस्थलमा प्रवेश नगर्ने कार्यक्रम संयुक्त ट्रेड युनियनको तर्फबाट तय भएकोमा नेपाल निजामती कर्मचारी संगठन बाहेकका अन्य ट्रेड युनियनहरुले संयुक्त आन्दोलनका कार्यक्रमबाट हात झिक्ने निर्णय गरी आम कर्मचारीहरुको आन्दोलनको भावनामाथि गम्भिर घात भएको ठहर गर्दै नेपाल निजामती कर्मचारी संगठनले कर्मचारी आन्दोलनलाई निरन्तरता दिईरहेको छ ।

सरकारको तर्फबाट मिति २०८० जेठ १ गते नेपाल निजामती कर्मचारी संगठनलाई औपचारिक रुपमा पत्र लेखि वार्ताको लागि आमन्त्रण गरे पश्चात कर्मचारी आन्दोलन र वार्ता, संवादलाई सगसगै अगाडि बढाउने संगठनको नीति अनूरुप ऐनको मस्यौदा उपलब्ध गराउने र औपचारिक उपस्थिति सहित वार्ता गर्ने सर्तमा संगठन सहभागि भएको र सरकारले उपलब्ध गराएको उक्त मस्यौदामा संगठनको आधिकारिक धारणा प्रष्ट पारिएको थियो । उठेका विषयहरुमा वार्ता समितिको तर्फबाट माथिल्लो निकायमा छलफल गरी पुन: छलफलमा बस्ने भनिएकोमा २०८० जेठ ७ गते पछि सरकारको तर्फबाट छलफलका लागि कुनै सूचना प्राप्त नभएको हुँदा सरकार संघीय निजामती सेवा ऐन ल्याउने कुरामा उदासिन देखिएको प्रष्ट हुन्छ । विगत ६ वर्ष देखि संघीय निजामती सेवा ऐन नआएको कारण निजामती क्षेत्र (संघ, प्रदेश र थानीय तह) मा उत्पन्न अन्यौलताको वर्तमान परिस्थितिमा सरकार अझै बेखवर हुनु भनेको गैह् जिम्मेवारीको पराकाष्टा हो भन्ने संगठनको ठहर रहेको छ । अत: संगठनबाट पेश भएका मागहरु समावेश गरी अविलम्ब निजामती सेवा ऐन संघीय संसदमा पेश गरी चालु अधिवेशनबाट पारित गर्न सरकारसग संगठन जोडदार माग गर्दछ । ऐन तत्काल जारी गर्ने सम्वन्धमा ध्यानाकर्षण गराउने उद्देश्यले संगठन वाट अविलम्ब राजनैतिक दलका प्रमुख सचेतक, सचेतक र संसदको राज्य ब्यबस्था तथा सुशासन समितिका माननीय सदस्यहरु संग छलफल गर्ने र २०८०/०४/०५ गते एकै दिन सबै प्रदेश,जिल्ला/विभागीय कार्यसमितिका बैठक बसी आन्दोलनको योजना बनाउने कार्यक्रम रहेको छ । चालु अधिवेशनबाट निजामती सेवा ऐन जारी नभएमा नेपाल निजामती कर्मचारी संगठनले हाल विद्यमान कानुनमा रहेको ट्रेड युनियन सम्वन्धी कानुनी प्रक्रिया अपनाएर चरणबद्ध आन्दोलनका कार्यक्रमहरु सञ्चालन गर्न बाध्य हुने ब्यहोरा सम्बन्धित सबैमा यसै विज्ञप्ति मार्फत जानकारी गराउन चाहान्छौं । यसबाट उत्पन्न असहज परिस्थितिको जिम्मेवार सरकार स्वयम् हुने ब्यहोरा प्रष्ट पार्न चाहन्छौं ।

साथै संगठनद्धारा अगाडि बढाईने आन्दोलनका कार्यक्रम लागि तयारी अवस्थामा रहन संगठनका सबै कार्यसमिति एवं सम्पूर्ण संगठक मित्रहरुलाई हार्दिक आव्हान गर्दछौं ।

जीवन काले
महासचिव